वर्ष १६ | अंक १८९ | काठमाडौं | बुधवार, ८ वैशाख २०७८ | Wednesday, 21 April 2021 | पृष्ठ ८ | मूल्य रू. १०

आर्थिक अभियान

हरेक दृष्टि, आर्थिक कोण

www.abhiyandaily.com

राष्ट्रिय दैनिक

## हुम्ला कर्णाली जलविद्युत आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयारीको लागि क्षेत्र निर्धारण सम्बन्धी सार्वजनिक सूचना

(प्रकाशन मितिः २०७८/१/८)

कर्णाली प्रदेश, हुम्ला जिल्लाको नाम्खा गाउँपालिकामा विद्युत विकास विभाग द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, विद्युत विकास विभाग, सानो गौचरण, काठमाडौं, नेपाल, फोन नं- ९७७-१-४४३४११९, फ्याक्स- ९७७-१-५२४४२५७, इमेलः info@doed.gov.np;khanalsub@gmail.com |

**प्रस्तावको व्यहोराः** प्रस्तावित हुम्ला कर्णाली जलविद्युत आयोजनाको लागि मुचु गाउँ नजिक बुमुछ्या खोला र हुम्ला कर्णाली नदिको संगम देखि माथि हुम्ला कर्णाली नदीको वारपार बाँध निर्माण गरिनेछ र नाम्खा गाउँपालिका अन्तर्गत याङ्गर गाउँ देखि अन्दाजी ५०० मिटर माथि हुम्ला कर्णाली नदिको बाया भागको भू-सतहमा विद्युत गृह निर्माण गरिनेछ । बाँधवाट विद्युत गृह सम्म पानी लैजान लगभग ७ कि.मि. को सुरुङ्ग, ३५० मिटरको पेनस्टक पाइप र ७० मिटर उचाइको सर्ज साफ्ट निर्माण हुनेछ । यस आयोजनाको क्षमता इन्सेप्सन प्रतिवेदन (Inception Report) अनुसार करिव ६५ मेगावाट रहेको छ । यस अयोजनाको संम्भाव्यता तथा वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययनले अयोजनाको अरु संभाव्य विकल्पहरुको अध्ययन गरी जडान क्षमता, बाँध बध्ने स्थान, बाँधको उचाइ, विद्युत गृह अवस्थित हुने स्थान र अन्य प्राविधिक पक्षको वारेमा अन्तिम तय गर्नेछ ।

| | |
|---|---|
| **प्रभाव पर्न सक्ने जिल्ला/न.पा/गा.पा** | हुम्ला जिल्ला, नाम्खा गाउँपालिका, वडा नं ४ र ५ |

माथि उल्लिखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन (Environmental Impact Assessment) अध्ययन सम्बन्धी क्षेत्र निर्धारण (Scoping) गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा/गा.पा तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्रांचार गर्ने ठेगानाः**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगानाः | नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, विद्युत विकास विभाग, सानो गौचरण, काठमाडौं, नेपाल, फोन नं- ९७७-१-४४३४११९, फ्याक्स- ९७७-१-५२४४२५७, इमेलः info@doed.gov.np; khanalsub@gmail.com |
| परामर्शदाताको नाम र ठेगानाः | हाइड्रो कन्सल्ट इन्जिनियरिङ्ग लिमिटेड, सिमेट कन्सलटेन्ट प्रा.लि र प्रोफेसनल नेटवर्क प्रा.लि को संयुक्त उपक्रम<br>गङ्गा देवी मार्ग, बुद्धनगर-१०, काठमाडौं, नेपाल<br>पोष्ट बक्स नं- १४४०८, टेलिफोन नं- ९७७-१-४७८२५०७/४७८५९२०,<br>फ्याक्स नं-९७७-१-४७८५९२०, इमेल : service@hcel.com.np |